नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, धनुषा
नक्टाझिज |

सम्पर्क नं.:- ९८५४०२७०१८
इमेल:- fansepdhanusha@gmail.com
स्थायी लेखा नं.:- २०१३२८२४६
कार्यालय कोड नं.:- ३१२००१७०४

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- 622

मितिः- २०८२/११/२७

बिषय:- सूचना टाँस गरी जानकारी पठाई दिनुहुन |

**श्री सोनमा गाउँपालिकाको कार्यालय. सोनमा, महोत्तरी |**

**श्री सम्सी गाउँपालिकाको कार्यालय. सम्सी, महोत्तरी |**

**श्री जनकनन्दिनी गाउँपालिकाको कार्यालय. खजुरी, धनुषा |**

**श्री बटेश्वर गाउँपालिकाको कार्यालय. बटेश्वर, धनुषा |**

उपरोक्त सम्बन्धमा यस पत्रसाथ संलग्न सूचना नं. **08 - DTW - 2082/083; "मध्यम गहिराईको डीप टयुबवेल सिँचाई प्रणाली निर्माणका लागि आवेदन दिने बारे" सम्बन्धी सूचना (२ पानाको)** तहाँ पालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी जानकारी पठाई दिनुहुन व्यहोरा अनुरोध गरिन्छ |

२०८२/११/२७

रविलाल शर्मा
बरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, नक्टाझिज, धनुषा

सम्पर्क नं.:- ९८५४०२७०१८
इमेल:- fansepdhanusha@gmail.com
स्थायी लेखा नं.:- २०१३२८२४६
कार्यालय कोड नं.:- ३१२००१७०४

मिति:- २०८२/११/२७

पत्र संख्या:- ०८२/८३
चलानी नं.:-

## मध्यम गहिराईको डीप ट्युबवेल सिँचाइ प्रणाली निर्माणका लागि आवेदन दिने बारे प्रकाशित

## सूचना

सूचना प्रकाशित मिति: २०८२/११/२७

**सूचना नं . 08 – DTW – 2082/083**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई ,**नक्टाझीज धनुषा ,**को वार्षिक स्वीकृत कार्यक्रम अनुसार चालु आ.व. २०८२/८३ मा संचालन गरिने मध्यम गहिराईको डीप ट्यूववेल सिंचाई प्रणाली निर्माण कार्यक्रम अन्तर्गत यस क्लष्टर इकाई मा ३ (तिन) वटा सिँचाइ प्रणालीको लागि अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम अन्तर्गत मिति २०८२/०४/१५ मा आवेदन माँग गर्ने सूचना प्रकाशित भएकोमा सो सूचना अनुसारको कार्यक्रम संचालन प्रक्रिया स्थगित गरिएको व्यहोरा अनुरोध छ | डीप ट्यूववेल सिंचाई प्रणाली निर्माण कार्यक्रममा भएको सामान्य संशोधनलाई समावेश गरी पुन: यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

यस आयोजना क्लष्टर इकाईको कार्यक्षेत्रमा FANSEP II अन्तर्गत गठन र दर्ता भई परिचालन भएका कृषक समूहका सदस्य भएको प्रस्तावित जल उपभोक्ता समितिबाट मध्यम गहिराईको ट्यूववेल सिँचाइ प्रणालीको लागि अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम रहेकाले उक्त मध्यम गहिराईको ट्यूबवेल सिँचाइ प्रणालीको निर्माण तथा सञ्चालन कार्यक्रममा सम्बन्धित जल उपभोक्ता समितीहरुको सहभागिताका लागि यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र (मिति:- २०८२/११/११ गते सम्म) आयोजनाबाट उपलब्ध हुने ढाँचामा आवश्यक कागजातहरू संलग्न गरी आवेदन पेश गर्न यो सूचना आह्वान गरिएको व्यहोरा अनुरोध छ। तोकिएको म्याद भित्र रितपूर्वक कार्यालयमा प्राप्त भएको आवेदन सहितको प्रस्ताव र अन्य आवश्यक कागजातहरू मात्र छनौट प्रक्रियामा अघि बढाइने व्यहोरा अनुरोध छ। डिप ट्यूबवेल सिंचाई प्रणाली निर्माण कार्यक्रम अन्तरगत मध्यम गहिराईको सिँचाई प्रणाली निर्माणका लागि जल उपभोक्ता समितिको लगानी **राष्ट्रिय सिँचाइ नीति** बमोजिम हुने व्यहोरा अनुरोध छ।

### निर्माण गर्नुपर्ने मध्यम गहिराइको ट्युबवेल सिँचाइ प्रणालीको संक्षिप्त विवरण:-

- सिँचित क्षेत्रफल: कम्तीमा ८ हेक्टर (१२ बिगहा),
- पम्प हाउस निर्माण,
- विद्युतीकरण,
- पानी वितरण प्रणाली निर्माण,
- पम्प हाउस वरिपरि तारबार निर्माण,
- लागत अनुमानमा उल्लेख भए अनुसारका अन्य कार्यहरु।

वरिष्ठ कृषि अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु:-**

(क) योजनाको माँग फारम बमोजिमको ढाँचा सहितको आवेदन पत्र।

(ख) दर्ता भएको जल उपभोक्ता समिति भएमा दर्ता प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि-।

(ग) प्रस्तावित जल उपभोक्ता समितिको हकमा उक्त प्रस्ताव छनौट भएमा छनौट पश्चात् तथा सम्झौता पूर्व जल उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र पेश गर्ने प्रतिबद्धता पत्र।

(घ) सरकारी/सार्वजनिक जग्गाको हकमा जग्गा उपभोगको लागि सम्बन्धित गाउँपालिकाबाट संचालन अवधिभरका लागि जग्गा उपलब्ध गराउने आधिकारिक पत्र वा व्यक्तिगत जग्गाको हकमा सम्बन्धित व्यक्तिले जल उपभोक्ता समितिलाई जग्गा नामसारी गर्ने प्रतिबद्धता पत्र र प्रस्ताव छनोट भएमा सम्झौता अघि नै प्रतिबद्धता अनुसार जग्गा नामसारी गरेको कागजात/ प्रमाण-पत्र (लालपूर्जा) अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

(ङ) पाइपलाईन विस्तार र वितरणको Outlet valve लगायत विद्युतिकरणका लागि उपयोग हुने व्यक्तिगत जग्गा सम्बन्धित कार्यहरुको लागि सिंचाई प्रणाली सञ्चालन अवधिभरी बिना व्यवधान प्रयोग गर्न दिने निर्णयको प्रतिलिपि, प्रस्ताव छनोट भएमा सम्झौताअघि उक्त प्रतिबद्धता अनुसार सम्बन्धित व्यक्तिहरूको मंजुरीनामा पेश गर्नुपर्नेछ।

(च) प्रस्तावित सिँचाइ कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सिँचाइको समस्या भएको साथै वैकल्पिक सिँचाइ स्रोतको अवस्था नभएकाले मध्यम गहिराइको मध्यम गहिराईको ट्यूववेल आवश्यक रहेको व्यहोरा सहितको सम्बन्धित गाउँपालिका वा वडा कार्यालयको सिफारिश पत्र।

***नोट :- विस्तृत विवरणका लागि आयोजना क्लष्टर इकाईमा सम्पर्क गर्नु हुन अनुरोध छ।***

..........................

रविलाल शर्मा

बरिष्ठ कृषि अधिकृत